/

फो.नं.४२०० ४६'
सिंहदरवार, काठमाडौं

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(आर्थिक प्रशासन शाखा)

प.सं. :-२०७६/७७
च.नं. :- १८०

मिति :- २०७६/०५/१८

विषय :- तलवी प्रतिवेदन सम्वन्धमा ।

श्री राष्ट्रिय किताबखाना (निजामती)
हरिहर भवन ललितपुर ।
श्री मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यलिय सवै ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय सवै ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय सवै ।

निजामती सेवा ऐन,२०४९ मा व्यवस्था भए अनुसार निजामती कर्मचारीहरुको तलवी प्रतिवेदन पारितको व्यवस्था हुदै आएकोमा मुलुक संघीय संरचनामा रुपान्तरण भई संघ,प्रदेश तथा स्थानीय तहहरुमा प्रशासनिक संरचना खडा भई ती संरचनामा कर्मचारीहरु समेत समायोजन भई सकेको, अवस्थामा ती निकायहरुमा कार्यरत कर्मचारीहरुको तलवी प्रतिवेदन पारित सम्वन्धमा निम्न अनुसार गर्ने नेपाल सरकार (मानिनय मन्त्री स्तर) को मिति २०७६/०५/१८ मा निर्णय भएको हुँदा जानकारीकोलागि अनुरोध छ ।

१. संघ अन्तर्गत रहेका मन्त्रालय,सचिवालय,आयोग,विभाग तथा उपत्यका भित्र रहेका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको राष्ट्रिय किताबखाना (निजामती) वाट पारित गर्ने ।

२. संघ अन्तर्गत रहेका प्रदेश तथा जिल्ला स्थित (उपत्यका वाहिरका) कार्यालयमा कार्यरत कर्मचारीहरुको सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयवाट पारित गर्ने ।

३. प्रदेश संवैधानिक आयोग,प्रदेश मन्त्रालय र प्रदेश अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको प्रदेश मुकाम रहेको जिल्लाको हकमा सम्वन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र अन्य जिल्लाको हकमा सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयवाट पारित गर्ने ।

४. स्थानीय तहका कर्मचारी र संघवाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्वन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयवाट पारित गर्ने ।

२०७६/५/१८

उमेश्वर प्रसाद काफ्ले
लेखा अधिकृत

बोधार्थ:-
श्री महालेखा नियन्त्रक कार्यालय
अनामनगर:- उपरोक्त अनुसार तलवी प्रतिवेदन पारित गर्ने व्यवस्थाको लागि को.ले.नि.का.हरुलाई निर्देशन हुन ।
श्री सुचना प्रविधि शाखा
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: वेव साईटमा अपलोड गरि दिनु हुन ।